हे मेरा सेवकहरू! मैले आफूमाथि अन्याय र अत्याचार हराम (निषेध) गरेको छु र यसलाई तिमीहरूका लागि पनि हराम गरेको छु, त्यसैले तिमीहरू एकार्कामाथि अन्याय नगर

अबू-जर (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले हदीस कुद्सीमा भन्नुभएको छ : अल्लाह भन्नुहुन्छ : "हे मेरा सेवकहरू! मैले आफूमाथि अन्याय र अत्याचार हराम (निषेध) गरेको छु र यसलाई तिमीहरूका लागि पनि हराम गरेको छु, त्यसैले तिमीहरू एकार्कामाथि अन्याय नगर । हे मेरा सेवकहरू! मैले मार्गनिर्देशन गरेका बाहेक तिमीहरू सबैजना पथभ्रष्ट छौ, त्यसैले मसँग मार्गदर्शन माग, म तिमीहरूलाई सीधा बाटो देखाउनेछु । हे मेरा सेवकहरू! मैले खुवाउनेहरू बाहेक तिमीहरू सबैजना भोका छौ, त्यसैले मसँग जीविका माग, म तिमीहरूलाई जीविका दिनेछु । हे मेरा सेवकहरू! जसलाई मैले लुगा प्रदान गरेको छु त्यो बाहेक तिमीहरू सबैजना नाङ्गै छौ, त्यसैले मसँग लुगा माग, म तिमीहरूलाई लुगा दिनेछु । हे मेरा सेवकहरू! तिमी दिनरात गल्ती गर्छौ र म तिमीहरूका सबै पापहरू माफ गर्छु, त्यसैले मसँग माफी माग, म तिमीहरूलाई क्षमा गर्नेछु । हे मेरा सेवकहरू! तिमीहरू सबैजना नत मलाई हानि पुर्याउन सक्छौ नत कुनै फाइदा नै । यदि तिमीहरू मध्येको पहिलो र अन्तिम व्यक्ति, सम्पूर्ण मानव र जिन्नहरू, सबै भन्दा आज्ञाकारी व्यक्ति झैं भए पनि तिनीहरूको धार्मिकताले मेरो राज्यमा अलिकति पनि वृद्धि गर्ने छैन । हे मेरा सेवकहरू! यदि तिमीहरू मध्ये पहिलो र अन्तिम व्यक्ति, सम्पूर्ण मानव र जिन्नहरू सबै भन्दा पापी व्यक्तिको झैं भए पनि यसले मेरो राज्यमाथी कुनै कमी हुने छैन । हे मेरा सेवकहरू, यदि तिमीहरूमध्ये पहिलो र अन्तिम व्यक्ति, तिमीहरूमध्येका मानव र जिन्न एकै ठाउँमा उभिएर मसँग माग्ने हो र मैले हरेक मानिसलाई उसले मागेको कुरा दिएँ भने त्यसो गर्दा मेरो सम्पत्तिबाट केही घट्ने छैन, जस्तै समुद्रमा सियो हालेर [निकाले पछी सियोमा टाँसीएको पानी ] ले समुन्द्रको पानीमा केही कमी हुँदैन । हे मेरा सेवकहरू! यो तिम्रा कर्महरू हुन् जसलाई म गणना गर्छु र त्यसको प्रतिफल दिन्छु । तसर्थ, जसले राम्रो पाउँछ, उसले अल्लाहको प्रशंसा गरोस् र जसले अरू केही पायो, उसले आफूलाई मात्र दोष दिओस् ।" [सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले बयान गरेका छन्, अल्लाहले भन्नुभएको छ, उहाँले आफ्नो लागि अन्याय निषेध गर्नुभएको छ र आफ्नो सृष्टिहरूका लागि पनि निषेध गर्नुभएको छ, त्यसैले कसैले कसैलाई दमन गर्नु हुँदैन । अल्लाहले सत्यको मार्ग देखाउने बाहेक सबै मानवजाति सत्य मार्गबाट विचलित भएको बताउनु भएको छ । जसले अल्लाहसँग सत्य मार्गमा हिँड्ने बिन्ती गर्छ, अल्लाहले उसलाई यो अवसर प्रदान गर्नुहुन्छ । सबै मानवहरू आफ्ना सबै आवश्यकताहरूका लागि अल्लाहमा निर्भर छन् र जसले अल्लाहसँग प्रार्थना गर्दछ, उहाँले उसको आवश्यकता पूरा गर्नुहुन्छ र उसको लागि पर्याप्त हुनुहुन्छ । सबै मानिसहरू दिनरात पापहरू गर्छन् र अल्लाहले तिनीहरूका पापलाई ढाक्नुहुन्छ र तिनीहरूले माफी माग्दा क्षमा दिनुहुन्छ । मानिसले अल्लाहलाई नत हानि गर्न सक्छ नत फाइदा नै । सबै मानिसहरू सबैभन्दा आज्ञाकारी व्यक्ति झैं भए पनि तिनीहरूको धार्मिकताले अल्लाहको राज्यमा केही थपिने छैन । यसको विपरित, यदि सबै मनुष्यहरू सबैभन्दा पापी व्यक्ति जस्तै बन्छन् भने, तिनीहरूको यो पापमा संलग्नताले अल्लाहको राज्यमा कुनै कमी हुनेछैन । किनभने मानिस कमजोर र हरेक परिस्थिति,

हरेक समय र हरेक ठाउँमा अल्लाहमा आश्रित हुन्छ, जबकि अल्लाह पवित्र र निरपेक्ष हुनुहुन्छ । यदि पहिले र पछिका सबै मानव र सबै जिनहरू एक ठाउँमा जम्मा भएर अल्लाहसँग आफ्नो इच्छा माग्छन् र अल्लाहले सबैको कामना पूरा गरिदिन्छन भने अल्लाहको खजानामा कुनै कमी आउने छैन । जसरी समुन्द्रमा सियो (सुई) हालेर बाहिर निकाल्दा समुन्द्रको पानी घट्दैन । किनभने उहाँ सम्पन्न हुनुहुन्छ । अल्लाहले आफ्ना सेवकहरूको कर्महरू सुरक्षित राख्नुहुन्छ, तिनीहरूको लागि गणना गर्नुहुन्छ र न्यायको दिनमा तिनीहरूको कर्मको प्रतिफल दिनुहुनेछ । यस्तो अवस्थामा, जसले आफ्नो कर्मको राम्रो प्रतिफल पाउँछ, उसले राम्रो काम गर्ने अवसर प्राप्तिमा अल्लाहलाई धन्यवाद दिनुपर्छ र जसले आफ्नो कर्मको प्रतिफल भिन्न पाउँछ, उसले आफूलाई मात्र दोष दिनुपर्दछ । जसले उसलाई बर्बाद पार्यो ।

http://www.sunnah.global/hadeeth/ne/show/4810